# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, भाद्र ३० गते २०२६ साल [ अतिरिक्ताङ्क २८

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट हुकुमबक्सेबमोजिम अधिराज्यमा गत साल भएको अतिवृष्टि र यस वर्ष केही जिल्लाहरूमा आइपरेको अनावृष्टिबाट देशको विभिन्न भागमा खाद्यान्न-को स्थितिमा के कस्तो प्रभाव आइपर्छ, खाद्यान्नको खरीद र संचय र वितरणमा कस्तो प्रवन्ध गर्नपर्दछ सो विषयमा विस्तृत छलफल गर्न आज भाद्र ३०, २०२६ को दिन राजदरबारमा एक विशेष बैठक बस्यो । यस बैठकमा मन्त्रिपरिषद्का सदस्यहरू, राष्ट्रिय विकास परिषद्का मनोनीत सदस्यहरू, गाउँ फर्क केन्द्रीय समितिका अध्यक्ष तथा उपाध्यक्षहरू, प्रधान सेनापति, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष लगायत अन्य सदस्यहरू, श्री ५ को सरकारका सचिवहरू, अञ्चलाधीश, प्रहरी महानिरीक्षक र वित्तीय संस्थानका प्रमुखहरूको उपस्थित थियो ।

श्री ५ महाराजाधिराजबाट विस्तृत छलफलको बाद, सम्पूर्ण खाद्यान्न स्थितिलाई राम्रोसंग हेरी समयमै खरीद र संचयको व्यवस्था गर्न तथा ढुवानीको प्रवन्ध समेत गरी अभाव क्षेत्रमा बिक्री-वितरणको काम समेतको उचित व्यवस्था गर्ने सम्पूर्ण अभिभारा निम्नलिखित खाद्यान्न व्यवस्था समितिलाई सुम्पिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**गठन विधिः—**

१. मा. मन्त्री श्री रुद्रप्रसाद गिरी— अध्यक्ष
२. मा. मन्त्री श्री हरिबहादुर बस्न्यात— सदस्य
३. राष्ट्रिय योजना आयोगको उपाध्यक्ष डा. श्री हर्षबहादुर गुरुंग— सदस्य
४. अर्थ सचिव श्री भरतबहादुर प्रधान— सदस्य
५. गृह सचिव श्री सुन्दरप्रसाद शाह— सदस्य
६. खाद्य कृषि सचिव श्री सुरेन्द्रराज शर्मा— सदस्य
७. जनरल मैनेजर कृषि खरीद बिक्री संस्थान— सदस्य-सचिव

उपरोक्त समितिले गर्ने काम कारवाईमा पञ्च, श्री ५ को सरकारका कर्मचारी, वर्गीय संगठनका कार्यकर्ता तथा साहु महाजनहरूले आ-आफ्नो तहबाट हुन सक्ने सहयोग प्रदान गर्नेछन् भन्ने कुरामा मौसूफ सरकारबाट विश्वास व्यक्त गरिबक्सेको छ ।

हुकुमबक्सेबमोजिम
मि. सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

११०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।